नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
ताहाचल, काठमाडौं

फोन नं.:- ०१-४०३०५१८
फ्याक्स नं.:- ०१-४०३०६४२
Website:-www.ppmo.gov.np

प.सं.:- ०७९/८०
च.नं.:- २४५

मिति: २०७९/०५/२१

श्री सबै सार्वजनिक निकाय

**विषय: परिपत्र।**

प्रस्तुत विषयमा कतिपय सार्वजनिक निकायहरुले बोलपत्र सम्बन्धि कागजात तयार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित प्रावधानहरुको प्रतिकूल हुनेगरी बोलपत्र मुल्यांकनका आधारहरु (जस्तै:- बोलपत्रदाताले आफ्नो देशमा प्राप्त गरेको अनुभवको मान्यता नहुने, बोलपत्रदाताले कुनै निश्चित ठेक्का अवधिमा सम्पन्न गरेको कामको अनुभव मात्र मान्य हुने, सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका अद्यावधिक नमुना बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यताका आधारको पालना नगर्ने आदि जस्ता) निर्धारण गर्ने तथा असान्दर्भिक कागजातहरु माग गर्ने गरेको गुनासाहरु यस कार्यालयलाई प्राप्त भएको हुँदा प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली तथा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धि कागजातको प्रावधान प्रतिकूल हुने गरी बोलपत्र मुल्यांकनका आधारंहरु निर्धारण गर्ने तथा असान्दर्भिक कागजातहरु माग गरी प्रतिस्पर्धालाई संकुचन गर्ने कार्य नगर्नु हुन मिति २०७९/०५/२१ को (सचिवस्तर) निर्णयानुसार सम्बन्धित सबै सार्वजनिक निकायहरुलाई जानकारीको लागि अनुरोध छ।

२०७९/०५/२१

(रमेश प्रसाद अधिकारी)
इन्जिनियर